# स्थानीय राजपत्र

# मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६ संख्याः२३ मितिः-२०७९।१०।०५

भाग-२

मालिकार्जुन गाउँपालिका

गाउँसभाबाट स्वीकृत मितिः-२०७९/०९/२२

मालिकार्जुन गाउँपालिका

## मालिकार्जुन गाउँपालिकाको शिक्षा नियमावली, २०७७ (प्रथम संशोधन, २०७९)

**<u>प्रस्तावनाः</u>** मालिकार्जुन गाउँपालिकामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न मालिकार्जुन गाउँपालिका क्षेत्रमा स्थापना भएका र

स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न  समयानुकूलको सीप प्रविधि सहित शैक्षिक विकास गर्न वान्छनीय भएकोले,

मालिकार्जुन गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ३ को उपदफा १ ले दिएको अधिकार तथा मालिकार्जुन गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ७० को उपदफा (१) ले दिएको अधिकार र मालिकार्जुन गाउँपालिका गाउँ सभाको नवौं अधिवेशनबाट मालिकार्जुन गाउँपालिकाको शिक्षा नियमावली, २०७७ (प्रथम संशोधन, २०७९) स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यो नियमावलीको नाम **"मालिकार्जुन गाउँपालिका शिक्षा नियमावली, २०७७** (प्रथम संशोधन, २०७९)  रहेकोछ ।

(२) यो नियमावली मालिकार्जुन गाउँपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.   परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) **"ऐन"** भन्नाले मालिकार्जुन गाउँपालिकाको शिक्षा ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले मालिकार्जुन गाउँपालिको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"कोष"** भन्नाले नियम ८५ बमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान २०७२ बमोजिम गठन भएको मालिकार्जुन गाउँपालिका सम्झनु पर्छ ।

(ङ) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा वा गुम्वा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) **"परिवार"** भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(छ) **“परीक्षा समिति”** भन्नाले नियम ३४ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) **“पाठ्यक्रम विकास केन्द्र”** भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ञ) **“प्रधानाध्यापक”** भन्नाले नियम ५० बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ट) **“अध्यक्ष”** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले मालिकार्जुन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ड) **“प्रारम्भिक बाल शिक्षा केन्द्र”** भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि नियम ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ढ) **“व्यवस्थापन समिति”** भन्नाले नियम २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) **“मन्त्रालय”** भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(त) **“शिक्षा अधिकृत”** भन्नाले गाउँपालिकाको अधिकृत स्तरको शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(थ) **“शिक्षा शाखा”** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(द) **“शिक्षक किताबखाना”** भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ध) **“शिक्षक सेवा आयोग”** भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) **“शिक्षा समिति”** भन्नाले नियम २४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(प) **“शुल्क”** भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(फ) **“शैक्षिक गुठी”** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) **“शैक्षिक सत्र”** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(भ) **“समुदायद्वारा सञ्चालित विद्यालय”** भन्नाले नियम ५ बमोजिम अनुमति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(म) **“सामुदायिक सिकाइ केन्द्र”** भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(य) **“संघीय शिक्षा ऐन”** भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(र) **“संस्थागत विद्यालय”** भन्नाले निजी लगानीमा संचालन गर्ने गरी नियम ५ बमोजिम अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ल) **"विद्यालय कर्मचारी"** भन्नाले शिक्षक बाहेकका अन्य कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(व) **“स्थानीय राहत शिक्षक”** भन्नाले गाउँपालिकाले निश्चित मापदण्डका आधारमा गाउँपालिकाको आन्तरिक स्रोतबाट सेवासुविधा खाने गरी नियुक्त गरेका शिक्षकहरुलाई सम्झनु पर्दछ ।

(श) **“शिक्षक”** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ । सो शब्दले प्रधानाध्यापक तथा स्थानीय राहत शिक्षकलाई समेत जनाउनेछ ।

(ष) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(स) “स्वीकृति” भन्नाले नियम ६ बमोजिमका शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

## परिच्छेद २

## विद्यालय खोल्ने अनमति वा स्वीकृति सम्बन्धी व्यवस्था

३. नियम ५ को उपनियम (२) मा “यसरी प्राप्त सिफारिसको आधारमा कार्यपालिकाले निर्णय गरी अनुमोदनका लागि गाउँ सभामा पेस गर्नुपर्ने छ” झिकिएको छ ।

४. नियम ७ को उपनियम (३) लाई तपसिल बमोजिम संशोधन गरिएको छ ।

<u>तपसिलः</u>

“उपनियम (२) बमोजिम जाचँबुझ प्रतिवेदन प्राप्त भएपछि नियम ६ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ । यसरी स्वीकृत विद्यालयलाई अनुसूची ५ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति प्रदान गर्नेछ”

५. नियम ७ को उपनियम (४) मा तपसिल बमोजिम थपिएको छ ।

<u>तपसिलः</u>

"यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजनका क्रममा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले गाउँपालिका भरिका विद्यालयहरुमा स्वीकृत दरवन्दी उपलब्ध गराई अनुसूची ५ बमोजिमको ढाँचामा विद्यालय स्वीकृत गर्न सक्नेछ ।"

६. नियम १६ को उपनियम (१) को खण्ड "क" मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

<u>तपसिलः</u>

"अधिकांश कक्षामा तोकिएको मापदण्ड भन्दा कम विद्यार्थी संख्या भएको ।"

७. नियम २४ को उपनियम (१) मा "गाउँपालिका शिक्षा समितिमा सामाजिक विकास समितिका सदस्यहरुलाई आमन्त्रित गर्न सकिनेछ" लाई संशोधन गरी तपसिल बमोजिम कायम गरिएको छ । अन्य कुराहरु यथावत कायम गरिएको छ ।

<u>तपसिलः</u>

"गाउँपालिका शिक्षा समितिमा सामाजिक विकास समितिका सदस्यहरु/विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।"

८. नियम ५० को उपनियम (१६) मा तपसिल बमोजिम थपिएको छ ।

<u>तपसिलः</u>

"यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँ कार्यपालिकाले प्रधानाध्यापक नियुक्ति सम्बन्धी आवश्यक कार्यविधि जारी गरी लागू गर्न सक्नेछ ।"

९. नियम ५२ झिकिएको छ ।

१०. नियम ५४ को उपनियम (७) मा तपसिल बमोजिम थपिएको छ ।

<u>तपसिलः</u>

"माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँपालिका स्तरीय स्थानीय राहत शिक्षक नियुक्ति गर्दा गाउँपालिकाबाट गरिने विज्ञापनमा शिक्षक छनौट तथा सिफारिस समिति निर्धारण गर्दा नियम ५४ को उपनियम (१) ले बाधा पुऱ्याएको मानिने छैन ।"

११. नियम ५५ मा प्रयोग भएको "स्वयंसेवक शिक्षण सहयोगी" शब्दको सट्टा "स्थानीय राहत शिक्षक" शब्द प्रयोग गरिएको छ ।

१२. नियम ५५ को उपनियम (१) मा "शिक्षा अधिकृत मार्फत शिक्षा विकास तथा समन्वय इकाइबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्ने छ" शब्द झिकी तपसिल बमोजिम कायम गरिएको छ ।

<u>तपसिलः</u>

“शिक्षा, युवा तथा खेलकुद शाखाबाट करारमा शिक्षक नियुक्तिको लागि आयोगबाट प्रकाशित भएको सूची माग गर्नुपर्ने छ ।”

१३. नियम ५५ को उपनियम (११) झिकिएको छ ।

१४. नियम ५६ को उपनियम (४) मा तपसिल बमोजिम थपिएको छ ।

तपसिलः

“माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजनका क्रममा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यालय स्वीकृत गरी दरवन्दी सहित शिक्षक स्थानान्तरण तथा सरुवा गर्न बाधा पुऱ्याएको मानिने छैन ।”

१५. नियम ५७ को उपनियम (२) मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

“एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा पाँच वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ । तर प्रत्येक पाँच/पाँच वर्षमा नियमित रुपमा शिक्षकहरुको गाउँपालिका भित्रका विद्यालयहरुमा गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।”

१६. नियम ५७ को उपनियम (१४) मा तपसिल बमोजिम थपिएको छ ।

तपसिलः

“नियम ५७ को उपनियम (२) र (७) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि दरवन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजनका क्रममा शिक्षक स्थानान्तरण तथा सरुवा गर्न बाधा पुऱ्याएको मानिने छैन ।”

१७. नियम ६२ को उपनियम (३) मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

“स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकले विरामी विदा संचित गर्न सक्ने छ । शिक्षकले प्रत्येक वर्ष त्यस्तो विदा शिक्षा अधिकृतबाट प्रमाणित गराई राख्नुपर्ने छ । कुनै बेहोराले शिक्षक सेवाबाट अवकाश भएमा निजको संचित विरामी विदा वाफत खाइपाइ आएको तलव स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउने छ ।”

१८. नियम ६२ मा उपनियम (७) मा झिकिएको छ ।

१९. नियम ६५ झिकिएको छ ।

२०. नियम ७१ को उपनियम (४) को खण्ड “ख” मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

"आधारभूत विद्यालयका लागि तीस लाख रुपैया वा सो मूल्य बराबरको घर वा जग्गा।"

२१. नियम ७१ को उपनियम (८) मा प्रयोग भएको "गाउँ सभा" शब्दको सट्टा "गाउँ कार्यपालिका" शब्द प्रयोग गरिएको छ ।

२२. नियम ९२ को उपनियम (२) मा प्रयोग भएको "स्वयं सेवक शिक्षण सहयोगी" शब्दको सट्टा "स्थानीय राहत शिक्षक" शब्द प्रयोग गरिएको छ ।

२३. नियम १०६ को उपनियम (१) मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

"विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र स्वीकृत दरवन्दी सम्बन्धमा संघ तथा प्रदेशको कानून वा नियमसँग तादाम्यता कायम हुने गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्ने छ ।"

२४. नियम ११२ को उपनियम (१) मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

तपसिलः

"यो नियमावलीको संशोधन एवं परिमार्जन गर्न गाउँ शिक्षा समितिले आवश्यक ठानेमा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बहुमतले संशोधन एवं परिमार्जन गर्न सक्ने छ ।"

आज्ञाले

सुरज प्रसाद जोशी

प्रमुख प्रशासकीय अधिकृत

मालिकार्जुन गाउँपालिका